आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेडको बाह्रौं वार्षिक साधारण सभाको निर्णयको विवरण (माईन्युट)

आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेडको बाह्रौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

१. सभा संचालन मिति, समय र स्थान :

मिति : २०८२ साल मंसिर १२ गते शुक्रबार (तदनुसार नोभेम्बर २८, २०२५) ।

समय : बिहान ९:३० बजे देखि ।

स्थान : वेष्टर्न एसियन होटल प्रा. लि. बुटवल, रुपन्देही ।

२. सभाको सूचना :

(क) वित्तीय संस्थाको बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना, कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) र कम्पनीको नियमावलीको नियम १८ को उपनियम (३) बमोजिम, प्रथम पटक मिति २०८२/०७/१७ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक र दोस्रो पटक मिति २०८२/०८/०१ गते दि काठमाण्डौं पोष्ट राष्ट्रिय दैनिकमा छलफलका विषयसूची, सभा हुने मिति, स्थान तथा माध्यम र समय सहितको सूचना प्रकाशित गरिएको थियो । त्यसै गरी कम्पनी ऐन २०६३ को दफा ८४ को उपदफा (४) बमोजिमको संक्षिप्त आर्थिक विवरण समेत शेयरधनीको जानकारीका लागि मिति २०८२/०८/०१ गतेको दि काठमाण्डौं पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो ।

वित्तीय संस्थाले साधारण सभामा प्रस्तुत गर्ने प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन र प्रस्तावहरु समावेश भएको आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेडको बाह्रौं वार्षिक प्रतिवेदन शेयर सदस्यलाई पठाउनुको साथै वित्तीय संस्थाको वेबसाईट www.rsdcmf.com मा समेत राखिएको थियो ।

(ख) वित्तीय संस्थाको बाह्रौं वार्षिक साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन नियमनकारी निकायहरु कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, नेपाल राष्ट्र बैंक, बाह्य लेखापरीक्षक र आन्तरिक लेखापरीक्षकलाई अनुरोध गरी पत्राचार गरिएको थियो ।

३. सभामा प्रस्तुत छलफलका विषयहरु :

क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१/८२ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०८२ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई रकम रु. ८,२७,२५,१५३।३६ (अक्षरेपि आठ करोड सत्ताईस लाख पच्चिस हजार एक सय त्रिपन्न रुपैंया र पैसा छत्तीस मात्र) (अर्थात चुक्ता पूँजीको ८ प्रतिशत) नगद लाभांश (लाभांशमा लाग्ने कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।

४. आर्थिक वर्ष २०८२/८३ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पारित गर्ने । (कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक श्री पि.एल.आर.जि. एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन योग्य रहेको) ।

ख) विशेष प्रस्ताव

१. यस वित्तीय संस्था अन्य कुनै वित्तीय संस्था एक आपसमा गाभ्नै/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न सञ्चालक समितिबाट गठित मर्जर समिति तथा सो समितिले गरेको कार्य अनुमोदन गर्न, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ती गर्न, निजको पारिश्रमिक तोक्ने लगायतका प्रकिया अवलम्बन गरी उपयुक्त संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग) विविध

४. सभामा उपस्थिति :

(क) सञ्चालकहरुको उपस्थिति :

१) श्री राजेन्द्र प्रसाद दाहाल	अध्यक्ष
२) श्री चन्द्रराज शर्मा	सदस्य
३) श्री बिष्णु प्रसाद पौड्याल	सदस्य
४) श्री अमर डंगोल महर्जन	सदस्य
५) श्री शान्ति प्रसाद उप्रेती	सदस्य
६) श्री मन्जु न्यौपाने	सदस्य
७) श्री सविना राना	सदस्य
८) श्री ध्रुव कुमार पौडेल	प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

(ख) शेयरधनीहरुको उपस्थिति :

स्वयम् उपस्थित	- १६२ जना
प्रोक्सी मार्फत उपस्थित	- १०८ जना
जम्मा शेयरको प्रतिनिधित्व	- ५३,७९,४३४.७० कित्ता
उपस्थिति प्रतिशत	- ५२.०२ प्रतिशत

(ग) आमन्त्रित प्रतिनिधि, पर्यवेक्षक एवं अन्य उपस्थिति :

१. श्री सन्तोष अर्याल	ग्लोबल आइएमई क्यापिटल लिमिटेड
२. श्री प्रमोद पन्थी	आन्तरिक लेखापरीक्षक
३. श्री दिलिप पोखेल	ग्लोबल आइएमई बैंक लि.

५. सभाको वैधानिकता :

सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनुपर्ने प्रावधान भए अनुसार विहान ९:३० बजेसम्म कुल शेयर संख्या १,०३,४०,६४४.१७ कित्ताको ५० प्रतिशत भन्दा बढी शेयर संख्याको स्वयम् तथा प्रतिनिधि मार्फत उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउँदै सभा संचालन गर्न प्रचलित ऐन कानुन बमोजिम सभा वैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन हुँदा सम्मको हाजिरी अभिलेख अनुसार प्रोक्सी समेत गरी ५३,७९,४३४.७० कित्ता शेयर अर्थात (५२.०२ प्रतिशत) शेयर सख्याको प्रतिनिधित्व सभामा रहेको थियो ।

६. अध्यक्षबाट वार्षिक प्रतिवेदन प्रस्तुत :

उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको बाह्रौं वार्षिक साधारण सभामा स्वागत गर्दै कम्पनी सचिवले सञ्चालक समितिको तर्फबाट वित्तीय संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न अध्यक्षलाई आग्रह गर्नु भयो । सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालले संस्थाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन सभामा वाचन गरी प्रस्तुत गर्नुभयो ।

७. शेयरधनी महानुभावहरुको जिज्ञासा, टिप्पणी तथा सुझावहरु :

अध्यक्षको प्रतिवेदन पश्चात कम्पनी सचिवबाट उक्त प्रतिवेदन तथा आर्थिक वर्ष २०८१/८२ को वार्षिक आर्थिक विवरण, आषाढ मसान्त २०८२ सम्मको वित्तीय अवस्थाको विवरण (वासलात), नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन लगायत आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु उपर जिज्ञासा, टिप्पणी र सुझावको लागि शेयरधनी महानुभावहरुलाई आह्वान गर्नु भएकोमा देहाय बमोजिमका शेयरधनी महानुभावहरुवाट जिज्ञासा, टिप्पणी तथा सुझावहरु प्राप्त भएको थियो ।

क. श्री हरि बहादुर बोमरेल :

संस्थाको कर्जा लगानी घट्दो तथा निष्कृय कर्जा बढ्दो क्रममा रहेको, सञ्चालन खर्च वृद्धि भएको साथै मुनाफा र शेयरधनीको प्रतिफल घट्दै गइरहेकोले संस्थाको समग्र कारोबार आम्दानी खर्च तथा प्रतिफल बिच सन्तुलन मिलाउनु पर्ने आवश्यकता औंल्याउनु भयो ।

ख. श्री मनहरी बस्याल :

देशको वर्तमान आर्थिक परिदृश्यको विवेचना गर्दै संस्थाले प्रस्ताव गरेको प्रतिफल सन्तोषजनक रहेको, निष्कृय कर्जा व्यवस्थापनका लागि संस्थाले गरेका प्रयासहरु, थोक कर्जा प्रदायक संस्थाका बर्तमान चुनौतिको विश्लेषण गरी व्यवसाय विस्तारको लागि आवश्यक नीतिगत व्यवस्था तथा संस्था सञ्चालनका विभिन्न विकल्पहरुबारे सभामा जानकारी गराउँदा उपयुक्त हुने धारणा व्यक्त गर्नुभयो ।

ग. श्री खेम लुइटेल :

विभिन्न कारणले थोक कर्जा प्रदायक संस्थाको बजार खुम्चिदै गएकोले, संस्थाको दियोपनाको लागि ठोस योजना बनाई सभालाई जानकारी गराउँदा प्रभावकारी हुने धारणा व्यक्त गर्नुभयो ।

८. शेयरधनी महानुभावहरुको जिज्ञासा, टिप्पणी तथा सुझावको प्रत्युत्तर :

शेयरधनीहरुबाट प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावको जवाफ अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतले दिँदै शेयरधनी महानुभावहरुले दिनु भएको सुझाव, हौसला र सकारात्मक प्रतिकृयाले संस्थालाई अगाडी बढाउन थप प्रेरणा मिलेको र सुझावहरुलाई मनन गरी अगाडी बढ्ने प्रतिवद्धता जनाउनु भयो ।

९. सभाका प्रस्ताव तथा निर्णयहरु :

(क) सामान्य प्रस्ताव :

१. आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालले सभामा प्रस्तुत गर्नु भएको सञ्चालक समितिको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन पारित गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१/८२ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०८२ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।

लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१/८२ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०८२ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्वद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई रकम रु. ८,२७,२५,१५३।३६ (अक्षरेपि आठ करोड सत्ताईस लाख पच्चिस हजार एक सय त्रिपन्न रुपैंया र पैसा छत्तीस मात्र) (अर्थात चुक्ता पूँजीको ८ प्रतिशत) नगद लाभांश (लाभांशमा लाग्ने कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।

सञ्चालक समितिबाट प्रस्ताव गरिएको रकम रु. ८,२७,२५,१५३।३६ (अक्षरेपि आठ करोड सत्ताईस लाख पच्चिस हजार एक सय त्रिपन्न रुपैंया र पैसा छत्तीस मात्र) (अर्थात चुक्ता पूँजीको ८ प्रतिशत) नगद लाभांश (लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

४. आर्थिक वर्ष २०८२/८३ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पारित गर्ने । (कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक श्री पि.एल.आर.जि. एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन योग्य रहेको) ।

आर्थिक वर्ष २०८२/८३ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा लेखापरीक्षण समितिको सिफारिसमा संचालक समिति मार्फत सभामा पेश भएको प्रस्ताव उपर छलफल हुँदा सभाबाट लेखापरीक्षण संस्था श्री पि.एल.आर.जी. एशोसिएट्सका चार्टर्ड एकाउन्टेन्ट् श्री प्रकाश लम्साललाई शुल्क बापत रु. ४,०३,९७५।– (अक्षरेपी चार लाख तीन हजार नौ शय पचहत्तर रुपैयाँ मात्र) कर सहित भुक्तानी गर्ने गरी लेखापरीक्षण, कर लेखापरीक्षण र अन्य नियमनकारी निकायमा पठाउनु पर्ने विवरणको प्रमाणिकरण समेत गर्न आर्थिक वर्ष २०८२/८३ को बाह्य लेखापरीक्षकमा नियुक्त गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

(ख) विशेष प्रस्ताव :

१. यस वित्तीय संस्था अन्य कुनै वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न सञ्चालक समितिबाट गठित मर्जर समिति तथा सो समितिले गरेको कार्य अनुमोदन गर्न, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ती गर्न, निजको पारिश्रमिक तोक्ने लगायतका प्रकिया अवलम्बन गरी उपयुक्त संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

यस वित्तीय संस्था तथा अन्य कुनै वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न सञ्चालक समितिबाट गठीत मर्जर समिति तथा सो ले गरेको कार्य अनुमोदन गर्दै, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ती गर्न, निजको पारिश्रमिक तोक्ने लगायतका प्रकृया अवलम्बन गरी अन्य वित्तीय संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

ग) विविध :

कम्पनी ऐन २०६३ को दफा ७७ (२) बमोजिम विविध शीर्षक उपर छलफल गर्न कुनै पनि प्रस्ताव दर्ता नभएकोले कम्पनी ऐनमा व्यवस्था भए बमोजिम साधारण सभाको निर्णय पुस्तिका अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गरी सम्बन्धित निकायमा पठाउने ब्यहोरा सभालाई जानकारी गराईयो ।

१०. धन्यवाद ज्ञापन तथा सभाको समापन र विसर्जन :

छलफलको लागि निर्धारित प्रस्तावहरु उपर सभाले निर्णय गर्ने कार्य सकिएको हुनाले अध्यक्षले बाह्रौं वार्षिक साधारण सभामा सहभागी शेयरधनी महानुभावहरु, सञ्चालकहरु, पर्यवेक्षक प्रतिनिधि, शुभेच्छुक तथा वित्तीय संस्थाको वार्षिक साधारण सभालाई सफल पार्न प्रत्यक्ष एवं परोक्ष रुपमा सहयोग गर्नुहुने नियमनकारी निकायहरु, समस्त साझेदार संस्थाहरु, कर्मचारीहरु लगायतलाई वहाँहरुले आ-आफ्नो तर्फबाट दिनु भएको योगदानको उच्च प्रशंसा गर्दै शेयरधनी महानुभावहरुले सकारात्मक मन्तव्य तथा सुझावहरु प्रस्तुत गर्नु भएकोमा शेयरधनी महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

अन्त्यमा, सभाका अध्यक्षले छलफल गर्नुपर्ने कुनै विषय बाँकी नभएकोले वित्तीय संस्थाको बाह्रौं वार्षिक साधारण सभा दिनको ११:४५ बजे समापन भएको घोषणा गर्नुभयो ।

धुव कुमार पौडेल
कम्पनी सचिव

राजेन्द्र प्रसाद दाहाल
अध्यक्ष